# कमला नगरपालीका

## विपद् प्रभावित नागरीक उद्धार र राहत सम्बन्धी मापदण्ड २०७७

१. उद्धार तयारी व्यवस्थापन

क) नगर विपद् व्यवस्थापन समितिले आधारभूत खोज र उद्धार सामाग्रीको प्रयाप्त भण्डारणको व्यवस्था गरी जुन सुकै समयमा नगर क्षेत्र भित्र विपद् आएका बखत आवश्यकता अनुसार तत्काल राहत पुर्‍याउने व्यवस्था मिलाउने । यसका लागि खोज तथा उद्धार सामाग्री नगर स्तरमा भण्डारको व्यवस्था गर्ने ।

ख) संकटासन्न बस्तीको पहिचान गरी आवश्यक अध्ययन , अनुसन्धान, योजना तथा कार्यक्रम निर्माण, बजेट तथा श्रोत साधनको व्यवस्था गर्ने र यस्ता बस्तीको जोखिम घटाउने सम्बन्धी कार्यक्रमको कार्यान्वयको वयवस्था गर्ने । प्रकोपको जोखिम रहेका संकटासन्न क्षेत्रको जोखिम मूल्याङ्कन तथा जोखीम नक्साङ्कन को व्यवस्था गर्ने ।

ग) नगर स्तरमा स्थानीय स्तरमा रहेका प्रकोपका प्रकृतिको पहिचान गरी सो बाट प्रभावितहरुको खोजी र उद्धार गर्ने कार्यको लागी दक्ष र तालिम प्राप्त जनशक्ति न्यूनतम २५ जना जुनसुकै बेला परिचालन गर्न सकिने अवस्थामा राख्ने व्यवस्था नगर विपद् व्यवस्थापन समितिले मिलाउने ।

घ) तालिम प्राप्त जनशक्ती तथा आवश्यक सामाग्रीहरु को अध्यावधिक गर्ने तथा प्रतिकार्यकालागी आवश्यक बन्दोवस्ती तथा खाध्यान भण्डारणको वयवस्था गर्ने ।

ङ) नगर विपद् व्यवस्थापन कोषमा रु. १०,००,०००।०० ( दस लाख ) न्यूनतम मौज्दात कायम राख्ने व्यवस्था नगर विपद् व्यवस्थापन समितिले मिलाउने तथा वडा स्तरीय विपद् व्यवस्थापन समिति ले न्यूनतम रु ५,००,०००।०० - पाच लाख ) न्यूनतम मौज्दात कायम राख्ने व्यवस्था वडा स्तरीय विपद् व्यवस्थापन समितिले मिलाउन।

च) सामाजिक एवं गैर सरकारी संघ सस्थाहरुको सहयोग समेत लिई विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने काम नगर स्तरमा गर्ने ।

छ) विपद्को समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्न नगर विपद् व्यवस्थापन समितिले सम्भव भएसम्म विधालय, स्वास्थ्य केन्द्र बाहेक पहिचान गरिएका खुल्ला क्षेत्रहरु प्रयोग गर्ने ।

ज) खोज तथा उद्धारका लागि आउने जिल्ला, राष्ट्रीय स्तरका खोज तथा उद्धार टालीहरुलाई सहयोग गर्ने गराउने तथा आवश्यक व्यवस्थापन नगर विपद् व्यवस्थापन समितिले गर्ने ।

२) आपत्कालीन उद्धार तथा राहत वितरण

क) विपद्मा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु .५०,०००।०० - पचास हजार) का दरले मृतकका परिवारलाई सहयोग उपलब्ध गराउने । यसरी रकम उपलब्ध गराउदा नगर विपद् व्यवस्थापन समितिले उपलब्ध गराउने ।

ख) विपद् बाट घर, बहालको आवास नष्ट भएमा वा खाधान्न बाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाधान्न समेत नभएका वा दुवै अवस्थाका प्रभावित परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागि रु. १०,००० - दश हजार  सम्म प्रति परिवार राहात सहयोग उपलब्ध गराउने ।

ग) विपद्मा परी खाधान्न लत्ताकपडा लगायत घर पूर्ण रुपमा नष्ट भएका वा पूर्ण नष्ट नभएता पनि प्रकोपबाट जोगिन अन्यत्र सर्नु पर्ने वा विस्थापित भै सुरक्षि स्थानमा नयाँ आश्रय स्थल निर्माण गरी व्यवस्था गर्नु पर्ने अवस्थाका परिवारलाई प्रति परिवार रु .५००० सम्म आर्थिक सहयोग गरीने छ ।

घ) विपद् प्रभावित परिवारलाई राहत वितरण गर्दा नगर विपद् व्यवस्थापन समिति तथा वडा स्तरीय विपद् वयवस्थापन समिति मार्फत गरीने छ ।

ड) विपद् को समयमा प्रभावित परिवारलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्नु पर्ने अवस्था भएमा जिल्ला विपद् व्यवस्थापन समितिलाई सम्पर्क राखी आवश्यक व्यवस्थापन मिलाउने ।

च) स्थानिय आपत्कालिन कार्य संचालन केन्द्र ले  आवश्यक जानकारी नियमित रुपमा जिल्ला, प्रदेश तथा केन्द्रीय आपत्कालिन कार्यसंचालन केन्द्रमा अध्यावधिक गराउने ।

छ) विपद् उद्धार एवं राहत व्यवस्थापन कार्यमा विशेस सक्रियता पूर्वक कार्य गर्ने व्यक्ति तथा संघ संस्थालाई नगर विपद् व्यवस्थापन समिति ले सम्मान गर्ने तथा जिल्ला विपद् व्यवस्थापन समितिमा उचित सम्मानका लागी सिफारीस गरी पठाउने ।